प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तह स्वास्थ्य कार्यक्रमहरुको पुर्ण शुल्कीय तर्फको प्रवेश परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८०।०५।०१ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्वन्धन/स्वीकृति लिई डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य तर्फका कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुमा शैक्षिक शत्र २०८०/०८१ का लागि प्रवेश परीक्षा संचालन गर्ने सम्वन्धमा परिषद्, स्तर निर्धारण तथा सम्वन्धन महाशाखाको च.नं २८३, मिति २०८०।०४।३२ को पत्रानुसार चिकित्सा शिक्षा आयोगबाट सिट निर्धारण भई आएका शिक्षण संस्था र कार्यक्रमहरुको मात्र भर्ना प्रकृया अघि बढाउनका लागि लेखी आएकोले यस कार्यालयबाट भर्ना सम्वन्धी मिति २०८०।०३।२८ गते र सो पछि बिभिन्न मितिमा प्रकाशित सूचनामा उल्लेख भएका शिक्षण संस्थाहरुको नाम तथा कार्यक्रमलाई अद्यावधिक गरी यो सूचना प्रकाशित गरिएको छ। अद्यावधिक गरिएका शिक्षण संस्थाहरुको विवरण www.ctevtexam.org.np मा राखिएको छ।

सिट निर्धारण हुन नसकेका शिक्षण संस्थाहरुमा आवेदन फाराम भरेका आवेदकहरुले आफूलाई पायक पर्ने शिक्षण संस्थाहरुमा तल उल्लेखित शर्तहरुको अधिनमा रही तोकिएको ढांचाको फाराम मिति २०८०।०५।०७ गते दिउंसो ३:०० बजे भित्रमा दर्ता गर्नुपर्ने छ। सिट निर्धारण हुन नसकेका शिक्षण संस्था र कार्यक्रममा आवेदन दिएका आवेदकहरुलाई शिक्षण संस्था छनौट गर्न समय दिनु पर्ने भएकाले यस अघि कायम गरिएको डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य तर्फका सम्पुर्ण कार्यक्रमहरुका लागि मिति २०८०।०५।०६ गते बिहान ८:०० बजे तोकिएको प्रवेश परीक्षाहरु स्थगन गरी उक्त स्थगित प्रवेश परीक्षा **मिति २०८०।०५।०९ गते शनिवार बिहान ८:०० बजे** संचालन गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

(क) अद्यावधिक सूचीमा नभएका शिक्षण संस्थाहरुमा आवेदन फाराम भरेका आवेदकहरुले www.ctevtexam.org.np मा राखेको फाराम (आवेदकको सिम्बल नम्बर Entry गरेपछि आवेदन फाराम Print गर्न सकिनेछ) प्रिन्ट गरी थप विवरण भरेर अद्यावधिक गरिएका शिक्षण संस्था, कार्यक्रम र बर्ग/कोटा अनुसार दर्ता गराउनु पर्नेछ।

(ख) फाराम पेश गर्दा कुनै थप शुल्क लाग्ने छैन।

(ग) फाराम साथ प्रवेश पत्रको प्रतिलिपी संलग्न राखी जुन कार्यक्रम र कोटाको लागि आवेदन फाराम भरेको हो सोही कार्यक्रममा अद्यावधिक भएका कुनै एक शिक्षण संस्था मात्र छनौट गरी दर्ता गर्नु पर्नेछ। एक भन्दा बढी शिक्षण संस्थामा निवेदन दर्ता भएको पाइएमा निवेदन स्वतः रद्ध हुनेछ।

(घ) अद्यावधिक सूचीमा नभएका शिक्षण संस्थाका आवेदकले मात्र फाराम पेश गर्न सक्नेछन।

(ङ) आवेदकहरुले शिक्षण संस्था छनौट गरी अद्यावधिक भएका शिक्षण संस्थामा फाराम दर्ता नगराएको खण्डमा प्रवेश परीक्षामा सामेल गराइने छैन र प्रवेश परीक्षा दस्तुर फिर्ता गरिने छैन।

(च) अद्यावधिक सूचीमा नभएका शिक्षण संस्थाले आवेदकहरुलाई प्रवेश पत्र उपलव्ध गराउने र अद्यावधिक सूचीमा भएका शिक्षण संस्थाले आवेदन फाराम भर्न सहयोग गर्नुपर्नेछ।

(छ) सम्वन्धित शिक्षण संस्थाले तोकिएको ढांचामा सूची बनाई प्रत्येक दिन दर्ता भएको फारामको विवरण प.नि.का.को इमेल info@ctevtexam.org.np मा अनिवार्य रुपमा पठाई सोको जानकारी सम्वन्धित परिषद्, प्रदेश कार्यालयको इमेलमा पठाउनु पर्नेछ र अन्तिम मितिसम्म दर्ता भएका फारामहरुको विवरण एकमुष्ट गरी मिति २०८०।०५।०७ गते बेलुकी ५:०० बजे भित्रमा प.नि.का.को इमेलमा पठाउनु पर्नेछ। सो पश्चात आएका विवरणहरु माथि कुनै कार्यवाही हुनेछैन र सो को जिम्मेवार सम्वन्धित शिक्षण संस्था नै हुनेछ।

(ज) स्वास्थ्य तर्फको परीक्षा केन्द्रको सूचना प्रकाशन हुने मिति २०८०।०५।०७ गते

**नोट :**

डिप्लोमा/प्रमाणपत्र तहका पुर्ण शुल्कीय तर्फको स्वास्थ बाहेकका अन्य सम्पुर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा तोकिएकै मिति २०८०।०५।०६ गते बिहान ८:०० बजे र प्रि-डिप्लोमा तहको दिउंसो १:०० बजे सम्वन्धित शिक्षालयहरुमा संचालन हुनेछ।

**विस्तृत सूचनाका लागि www.ctevtexam.org.np मा हेर्नु हुन अनुरोध छ।**

**परीक्षा नियन्त्रक**